# आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः १४ अगस्त २०२४

समयः १८:५० - १६:०० बजे

**प्रमुख समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मुले आज स्वतन्त्रता दिवसको पूर्व सन्ध्यामा राष्ट्रका नाममा सम्बोधन गर्नु हुनेछ।
२. प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि १५ अगस्टमा स्वतन्त्रता दिवसको अवसरमा दिल्लीको लाल किल्लाबाट राष्ट्रिय झण्डा फहराउनु हुनेछ अनि राष्ट्रलाई सम्बोधन गर्नु हुनेछ।
३. पश्चिम बंगाल सरकारको महिला तथा बाल विकास अनि समाज कल्याण विभागद्वारा दार्जीलिङमा कन्याश्री योजनाको एघारौं स्थापना दिवस सम्पन्न भएको छ।
४. गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन अनि दार्जीलिङ वेलफेयर सोसाइटीको संयुक्त तत्वावधानमा दार्जीलिङमा निःशुल्क युपीएससी कोचिङ्गको शुरुवात भएको छ।

**राष्ट्रपतिको सम्बोधन**

देशले भोलि ७८औँ स्वतन्त्रता दिवस मनाउने भएको छ । प्रधानमन्त्री नरेन्द्र मोदीले दिल्लीको लाल किल्लाबाट राष्ट्रिय झण्डा फहराएर राष्ट्रका नाममा सम्बोधन गर्नु हुनेछ।राष्ट्रपति द्रौपदी मुर्मुले आज स्वतन्त्रता दिवसको पूर्व सन्ध्यामा राष्ट्रका नाममा सम्बोधन गर्नु हुनेछ। राष्ट्रपति द्रौपदी मुर्मुको सम्बोधन साँझ ७ बजे आकाशवाणीको सम्पूर्ण राष्ट्रिय नेटवर्कमा प्रसारण हुनेछ। आकाशवाणीले राष्ट्रपति द्रौपदी मुर्मुको सम्बोधन क्षेत्रीय नेटवर्कमा राति 9:30 बजे क्षेत्रीय भाषामा प्रसारण गर्नेछ। दूरदर्शनका सबै च्यानलहरूमा उहाँको सम्बोधन हिन्दी र अंग्रेजीमा वैकल्पिक रूपमा प्रसारण गरिनेछ। त्यसपछि क्षेत्रीय भाषामा प्रसारण हुनेछ ।

****** ० ******

**प्रधानमन्त्रीको सम्बोधन**

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि १५ अगस्टमा स्वतन्त्रता दिवसको अवसरमा दिल्लीको लाल किल्लाबाट राष्ट्रिय झण्डा फहराउनु हुनेछ अनि राष्ट्रलाई सम्बोधन गर्नु हुनेछ। बिहान ७ बजेदेखि आकाशवाणीका विभिन्न च्यानलहरूमा प्रत्यक्ष प्रसारण हुनेछ।यो आकाश्वनिका सबै क्षेत्रीय केन्द्रहरू लगायत विविध भारती राष्ट्रिय सेवा, विविध भारती स्टेशनहरू, स्थानीय रेडियो स्टेशनहरू, सामुदायिक रेडियो स्टेशनहरू, एफएम रेन्बो, एफएम गोल्ड र अन्य एफएम च्यानलहरूबाट पनि प्रसारण हुनेछ। यो अङ्ग्रेजी र हिन्दीमा आकाशवाणीको आधिकारिक युट्युब च्यानल आकाशवाणीमा प्रत्यक्ष प्रसारण पनि हुनेछ। आकाशवाणीका क्षेत्रीय केन्द्रहरूले सोही दिन राति ९:३० बजे प्रधानमन्त्रीको सम्बोधन क्षेत्रीय भाषामा प्रसारण गर्नेछन्।

****** ० ******

**चिकित्सकहरूको आन्दोलन**

आरजी कर मेडिकल कलेज औ अस्पतालमा जारी चिकित्सकहरूको आन्दोलनको फलस्वरूप राज्यभरि नै रोगीहरूलाई कठिन समस्याहरूको सामना गर्न परिरहेको छ। स्वास्थ्य विभागको निर्देशमा वरिष्ठ चिकित्सकहरूले आपतकालीन विभाग तथा बाह्य रोग विभागका सेवाहरू सम्हालिरहेका छन्। तथापि स्वास्थ्य सचिवले कतिपय क्षेत्रहरूमा आपतकालीन सेवाहरू बाधित भएको दाबी गर्नु भएको छ। सचिवले जुनियर डाक्टरहरूसित रोगीहरूलाई सेवा प्रदान गर्ने अपील गर्नु भए पनि राज्यका विभिन्न मेडिकल कलेजहरूमा रोगीहरूलाई समस्याहरूको सामना गर्न परिरहेको छ।

****** ० ******

**सीबीआई डाक्टर हत्या मामिला**

केन्द्रिय जाँच ब्यूरो (सीबीआई) को टीमले कोलकाता डाक्टर बलत्कार र हत्या मामिलाको जाँच गर्नका साथै आज संजय रायलाई कलकत्ता पुलिसको हिरासतबाट आफ्नो कब्जामा लिएको छ। कोलकाता पुलिसको भोलेन्टियर संजय रायलाई हिरासतमा लिएपछि सीबीआई अधिकारीहरूको एक टीमले उनलाई सीधा एजेन्सीको सल्ट लेकस्थित केन्द्रिय सरकारी कार्यालय (सीजीओ) कम्प्लेक्समा लिएर गयो र सोधपुछ शुरू गरेको छ।

सूत्रहरू अनुसार, सीबीआई अधिकारीहरूको टीमलाई विभिन्न समूहहरूमा बाँड़िएको छ। एक समूहमा सोधपुछ विशेषज्ञ सामेल छन्, जसले संजय राय र अन्यसित सोधपुछ गर्नेछ, जसलाई अगाड़ीको जाँचको निम्ति बोलाइनेछ। सीबीआई टीमको एक अन्य समूहले मेडिकल कलेजमा घटनास्थलको जाँच गर्नेछ। फोरेन्सिक विशेषज्ञ सीबीआई टीमको साथ हुनेछ र अस्पतालमा घटनास्थलबाट नमूना एकत्र गर्नेछ।

सीबीआई अधिकारीले अस्पतालका स्टाफ सदस्यहरू, मेडिकल छात्रहरू र जूनियर डाक्टरहरूसित पनि कुरा गर्नेछन् र त्यस रातको घटनाक्रमलाई बुझ्ने प्रयास गर्नेछन्। सूत्रहरूको भनाई छ, जाँच अधिकारीले पीड़ित जूनियर डाक्टर र भोलेन्टियर संजय रायको मोबाइल फोनको पनि जाँच गर्नेछन् र उनीहरूको कल लिस्टको समीक्षा गर्नेछन्। जाँच टीमको पहिलो प्राथमिकता यस अपराधमा केवल संजय सामेल थियो या यसमा उसका अन्य साथी पनि सामेल थिए यसको पत्तो लगाउनु हो।

****** ० ******

## कन्याश्री योजनाको स्थापना दिवस

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले शुरू गर्नु भएको कन्याश्री योजनाको एघारौं स्थापना दिवस राज्यका सबै जिल्लाहरुमा आज पालन गरियो। पश्चिम बंगाल सरकारको महिला तथा बाल विकास अनि समाज कल्याण विभागद्वारा यो कार्यक्रम दार्जीलिङको भानु भवन/ गोर्खा रंगमंच भवनमा पनि सम्पन्न भयो। यस अवसरमा बोल्नु हुँदै दार्जीलिङकी जिल्ला शासक डाक्टर प्रिती गोयलले यस योजना अन्तर्गत राज्यकी महिलाहरूलाई प्रति महिना एक हजार रुपियाँ राशि प्राप्त भईरहेको बताउनु भयो। यो राशिले राज्यका गरिब महिलाहरुलाई ठूलो टेवा पुगिरहेको र आर्थिक अभावमा स्कूल छोड्ने बालिकाहरूको संख्या धैरै घटेर गएको जिल्लाशासक गोयलले बताउनु भयो। उहाँले गरीब परिवारका लागि यो राशि एउटा वरदान हो भनी बतौनु भयो। यस अवसरमा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका मुख्य कार्यपाल अनित थापा पनि उपस्थित हुनुहुन्थ्यो।

यस समारोहमा कन्याश्रीबारे आयोजित प्रतिस्पर्धाका कन्याहरूलाई पुरस्कृत गरियो। कार्यक्रममा विभिन्न विद्यालयका नानीहरूको समारोहमा बाक्लो उपस्थिति रहेको थियो।

****** ० ******

## युपीएससी कोचिङ्ग

दार्जीलिङमा निःशुल्क युपीएससी कोचिङ्गको शुरुवात भएको छ। आज दार्जीलिङको लालकोठी परिसरमा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन अनि दार्जीलिङ वेलफेयर सोसाइटीको संयुक्त तत्वावधानमा शुरु हुने निःशुल्क युपीएससी कोचिङको विधिवत उद्घाटन गरियो।

कार्यक्रम गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापा अनि डीडब्लुएस-का संस्थापक हर्षवर्धन श्रीङलाको उपस्थितिमा सम्पन्न भयो। निःशुल्क युपीएससी कोचिङका कक्षाहरू १५ महिनाको निम्ति चलाइने छ। यसमा सफल आईएएस, आईएफएस, आईपीएस अधिकारीहरूबाट सल्लाह लिएर शीर्ष शिक्षकहरूद्वारा कोचिंग प्रदान गरिनेछ। ६० जनाले अहिले कोचिङ्गमा प्रवेश लिएका छन्। दिल्लीबाट शिक्षकहरू आएर आकांक्षीहरूलाई मेन्टर गर्नेछन्। अनलाइन क्लास दैनिक रूपमा लाग्ने छ।उद्घाटन कार्यक्रमपछि श्री अनित थापाले भन्नु भयो, "यो पहल श्रीङ्ला सरको प्रयासमा शुरु गरिएको हो। यो पहल दार्जीलिङ पहाडको निम्ति ठूलो उपलब्धि पनि हो। उहाँ जस्तो व्यक्तित्व पहाडको निम्ति अभिभावक बनेर आउनु भएको छ।" उहाँले थप भन्नु भयो, "जीटीएले बाटो बनायो, अरु विकासको काम गर्यो। शिक्षामा पनि विकास हुनुपर्छ भन्ने हाम्रो सोंच छ। त्यसैले जीटीएले यस पहललाई स्पोन्सर गरेको छ। पहिलो चरणमा हामीले ३० लाख छुट्याएका छौं। डिमाण्ड अनुसार काम बढ्दै जानेछ।"

****** ० ******

## अनित थापा पसलेहरू

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको प्रमुख कार्यपाल अनित थापा र दार्जीलिङ नगर अध्यक्ष दिपेन ठकुरीले आज दार्जीलिङ मल रोडबाट उच्छेद गरिएका पसलेहरूसँग मल रोडमा भेट गरेका छन्। पसलेहरूसँग भेटघाट गरेपछि श्री अनित थापाले पत्रकारहरूलाई सम्बोधन गर्नु हुँदै आजदेखि दार्जीलिङको जनतालाई मेरो तर्फबाट मात्र नभएर सम्पूर्ण हकर्सको तर्फबाट स्वच्छ अनि

सफा मल रोड उपहार स्वरुप प्रदान गर्दैछौँ भनी बताउनु भएको छ।
श्री थापाले भन्नु भयो, निर्माण कार्य स्वन्तन्त्रता दिवस समारोहको समापनपछि हुनेछ। दार्जीलिङमा हकर्सहरुको निम्ति निर्माण हुने भवनको निम्ति राशि आवन्टन भइसकेको छ। निर्माण कार्य गर्दा यहाँको कुनै पनि रूख पात नष्ट गर्ने छैनौँ। सबै जोगाइनेछ। उहाँले भन्नु भयो, निर्माण पूरा गर्ने हाम्रो लक्ष्य तीन महिनाको रहेको छ। बाटो बाटोमा पसल थापेर जीविकोपार्जन गर्नेहरूलाई पनि राम्रो ठाउँ दिनेछौँ। सबैलाई स्थापित गरेपछि दार्जीलिङको कुनै पनि फुटपाथमा दोकान थाप्न हुन्न। निर्माण हुने भवनमा उहाँहरूलाई ढलाई सकेपछि नै ठाउँ दिनेछौँ। पूर्ण भवनको निर्माण हुँदै गर्नेछ। आगामी सिजन लाग्नु अघि नै हामी उहाँहरूलाई पसल उपलब्ध गराउनेछौं। मल रोड सफा अनि स्वच्छ हेर्ने मानिसको इच्छा थियो। दार्जीलिङको अत्यन्त महत्वपूर्ण जग्गालाई आज अनित थापाको पहलमा दार्जीलिङको जनतालाई फिर्ता दिनु सक्यौं।

****** ० ******

**भागोप्रमो खरसाङ महकुमा समिति**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा खरसाङ महकुमा समितिको कार्यालयमा महकुमा नारी शक्तिको पदाधिकारीहरूको नियुक्तिको निम्ति केन्द्रिय नारी शक्ति अध्यक्ष अनु छेत्री प्रधानको अध्यक्षतामा एक सभा सम्पन्न भयो। खरसाङ महकुमा स्तरमा नारी सशक्तिकरणको निम्ति महकुमा नारी शक्ति अध्यक्षको पदभार केन्द्रिय अध्यक्ष अनित थापाको परामर्श अनुसार साबिता कार्कीलाई सुम्पियो भने जैतून निशा खातुनलाई महकुमा नारी शक्तिको मूल सचिवमा नियुक्त गरिएको छ।

****** ० ******

**समाज भवनको शिलान्यास**

खरसाङ खण्डको सन्त मेरिज- ३ ग्राम पञ्चायत अन्तगर्त लंगभ्यु बिमेटारमा पञ्चायतमार्फत् निर्माण हुन लागिरहेको समाज भवनको निर्माण कार्यको विधिवत पूजा अर्चनासहित शिलान्यास गरिएको छ। पञ्चायतमार्फत निर्माण हुन गइरहेको समाज भवनले ग्रामवासीलाई धेरै सुविधा हुने पञ्चायत सदस्य निरज डुम्जनले जनाएका छन्।
आज सम्पन्न शिलान्यास कार्यक्रममा सन्त मेरिज-३ ग्राम पञ्चायत प्रधान मणिराज डुम्जन, पंखाबारी लंगभ्यु अम्बटे समष्टि सचिव ललित प्रधान, समष्टि प्रचार प्रसार सचिव जिनोद परियार साथै ग्रामवासीहरूको उपस्थिति रहेको थियो।

****** ० ******

**शोक सभा**

वरिष्ठ साहित्यकार एवं शिक्षाविद् हस्त नेचालीको निधनमा तीनधारे महानदी समष्टिको शिवखोलामा अवस्थित आईएनए मेमोरियल माध्यमिक विद्यालयमा शोक सभा आयोजना गरियो। हस्त नेचाली आईएनए मेमोरियल माध्यमिक विद्यालयको संस्थापक र मुख्य संरक्षक पनि हुनुहुन्थ्यो। उहाँको निधन गत 12 अगस्तको दिन भएको थियो। उहाँको निधनमा आईएनए मेमोरियल माध्यमिक विद्यालयमा शोक सभा आयोजना गरेर दुई मिनटको मौन धारण गरियो। शोक सभामा विद्यालयका शिक्षक शिक्षिकाहरू, अशिक्षणकर्मीहरू र विद्यार्थीहरूको तर्फबाट उनलाई श्रद्धाञ्जली अर्पण गरिएको छ। विद्यालयको पक्षबाट हस्त नेचालीको निधनमा शोकित परिवारप्रति गहिरो शोक समवेदना प्रकट गरिएको छ।
शोक सभा विषयमा विद्यालयका सह शिक्षक युवराज सुन्दासले हस्त नेचाली तीनधारे उच्चत्तर माध्यमिक विद्यालयको प्रधान अध्यापक हुनुका साथै सम्पूर्ण तीनधारे क्षेत्रका साहित्य, समाज, शिक्षा, खेलकूद क्षेत्रमा महत्वपूर्ण योगदान दिनु भएको बताउनु भएको छ।

****** ० ******

**सीमा सुरक्षा बल अलर्टमा**

बांग्लादेशमा जारी हिंसापछि सीमा सुरक्षा बल अलर्टमा छ। गृह मन्त्रालयको निर्देशानुसार भारत-बांग्लादेश सीमामा वर्तमान स्थितिको निगरानी गर्नका लागि सदस्यहरूको एक बैठक आयोजित गरियो। यसबाहेक समितिका सदस्यहरूले बीएसएफका महानिदेशकको निर्देशहरूमा आफ्ना समकक्षहरूको साथमा संवाद स्थापित गरे।
यसको साथै बीओपी, कम्पनी स्तरसम्म समकक्षहरूसम्म पुग्नका लागि, दुवै सीमा सुरक्षा बलहरूले गत तीन दिनमा विभिन्न स्तरहरूमा लगभग 83 फ्ल्याग मीटिङ गरेका छन्। पीआरओ मुख्यालय विशेष महानिदेशकद्वारा प्रेस विज्ञप्ति जारी गरी जानकारी गराइयो, सीमा सुरक्षा बलहरूले पूर्वी कमान्ड जिम्मेदारी क्षेत्रका संवेदनशील सीमा क्षेत्रहरूमा लगभग 241 सम्बन्धित पेट्रोलिङ

गरेको छ। बीएसएफ अधिकारीहरूले बांग्लादेशी नागरिकहरूलाई सीमामा आउनदेखि रोक्नमा बीजीबीको भूमिकाको सराहना गरे औं भारतीय नागरिकहरू र बांग्लादेशमा अल्पसंख्यक समुदायको सुरक्षा सुनिश्चित गर्नमाथि जोड दिए।

****** ० ******